मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः ११ | मितिः २०८० जेष्ठ १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति









## राष्ट्रिय विभूती सरदार भक्ति थापाको २०८ औं स्मृति दिवस तथा हर्सिङ डाँडा मेला सम्पन्न




मर्स्याङ्दी गाउँपालिकाको सहयोग र श्री भक्ति थापा जन्मस्थल संरक्षण, सम्बर्द्धन तथा बिकास समितिको आयोजनामा "राष्ट्रिय विभूति सरदार भक्ति थापाको २०८ औं स्मृति दिवस एवं हर्सिङ डाँडा मेला २०८०" संविधान सभा सदस्य एवं पूर्व माननीय जमिन्द्रमान घलेज्यूको प्रमुख आतिथ्यतामा मिति २०८० बैशाख ६ गते भव्यताका साथ सम्पन्न भएको थियो। उक्त कार्यक्रममा समितिका अध्यक्ष प्रेम बहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा बिशेष अतिथि मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, अतिथिहरु मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, वडा नं. ३ का वडा अध्यक्ष दुधमान तामाङ, सामाजिक बिकास समिति संयोजक एवं वडा नं ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ जनप्रतिनिधिहरु संस्थाका सल्लाहकार तथा सदस्यहरु विभिन्न टोलका टोलबासिहरुको उल्लेख्य उपस्थित थियो । कार्यक्रमको सहजीकरण समितिका सचिब एवं अमर मा बि का प्र. अ. तिर्थ बहादुर बस्नेतज्यूले गर्नुभएको थियो । उक्त मेलामा विभिन्न प्रतियोगिताहरु सम्पन्न भएको थियो । जसमा खुल्ला आमा समुहको नृत्य प्रतियोगितामा सिउरुङ, खुल्ला छेलो प्रतियोगितामा बुद्धबजार निवासी बुद्धिबल आलेमगर र पुरूषको रसी तान्ने प्रतियोगितामा छबिशे टोल क्रमशः प्रथम हुन सफल भएको थियो ।







Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मर्स्याङ्दी गाउँपालिकाको शैक्षिक सत्र २०८० को क्यालेन्डर निर्माण कार्य सम्पन्न



मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा स्थानीय शिक्षा समिति, सामाजिक बिकास समिति, परिक्षा समिति, प्रअ. तथा बि.व्य.स.का अध्यक्षहरु बीच मिति २०८० बैशाख १७ गते भएको एक दिने शैक्षिक कार्याशाला गोष्ठीले परिक्षा मिति, नतिजा प्रकाशन मिति, प्रअ बैठक, खेलकुँद प्रतियोगिता, स्थानीय विदा र अन्य कार्यक्रमसहितको क्यालेन्डर निर्माण गरेको छ ।मर्स्याङ्दीमा पहिलो त्रैमासिक परीक्षा २०८० भदौ ६ देखि १३ सम्म हुनेछ भने, नजिता प्रकाशन भदौ २१ गते हुनेछ । दोस्रो त्रैमासिक परीक्षा पुस ५ देखि १३ सम्म हुनेछ भने नतिजा प्रकाशन पुस २० गते हुनेछ । अन्तिम परीक्षा चैत्र १४ देखि २१ सम्म र नतिजा प्रकाशन चैत २८ गते हुनेछ ।पालिकाले कक्षा १० को एसईई अभ्यास परीक्षा माघ २८ गते देखि फागुन ९ सम्म र नतिजा प्रकाशन फागुन १३ गतेलाई तोकेको छ । यस बाहेक नियमित मासिक परीक्षा विद्यालयले गर्नसक्नेछ भने शुक्रवारीय कार्यक्रमहरु विद्यालयहरुले आ–आफ्नो तरिकाले अनिवार्य रुपमा सञ्चालन गर्नुपर्नेछ ।मर्स्याङ्दीमा यस बर्षको बर्षे विदा असार ९ देखि साउन २० गते सम्म हुने भएको छ । विद्यालयले बढीमा ५ वटा स्थानीय विदा दिन सक्नेछन् । यसैगरी पालिकाभरी जेठ २६ गते छात्रवृद्धि वितरण दिवस मनाइने भएको छ । सो दिन सबै विद्यालयले कार्यक्रम आयोजना गरि छात्रवृद्धी वितरण गर्नुपर्नेछ ।यसैगरी यो बर्ष पालिकामा प्रअ बैठक ५ पटक बस्ने भएको छ । जेठ १९, भदौ २२, मंसिर ८, माघ २६ र चैत १३ गतेलाई प्रअ बैठक मिति तोकिएको छ । जेठ २८ र मंसिर ७ गते विद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरुको बैठक तोकिएको छ । कक्षागत र विषयगत रुपमा त्रैमासिक परीक्षाको आधारमा पाठ विभाजन गरिएको छ भने, विषयगत संयोजकहरुले एक हप्ता भित्र वार्षिक शैक्षिक योजना बुझाउनुपर्ने छ ।यसैगरी मर्स्याङ्दी कप २०८० मंसिर १४ देखि १६ सम्म हुनेभएको छ । सो अबसरमा डादी खेल मैदान, महेन्द्रदेव मा.वि., तराञ्चेमा आ.वि. स्तरिय फुटबल, मा.वि. स्तरिय छात्र–छात्रा भलिबल, छात्र–छात्रा १०० मी. २०० मी., ४०० मी. १५०० मी. ३००० मी. दौड, १००"४ मी. ४००"४ मी. छात्र–छात्रा सर्टपुट, ज्याब्लिङ थ्रो, लङ जम्प, त्रिपल जम्प, हाईजम्प, आ.वि. स्तरिय छात्र/छात्रा टेबल टेनिस खेल हुनेछ । अब सबै आ.वि.र मा.वि.मा कम्तिमा एउटा स्टयान्डर्ड साईजको टेबल टेनिस बोर्ड निर्माण गर्नुपर्नेछ । भदौ २२ गते शिक्षा दिवसको अबसरमा उत्कृष्ट शिक्षक, विद्यार्थी, विद्यालय, पेन्सन बसेका शिक्षककहरुलाई सम्मान, सांस्कृतिक कार्यक्रम, शिक्षक, अभिभावक, वि.व्य.स., जनप्रतिनिधीविच मैत्रीपूर्ण भविलबल प्रतियोगिता, मा.वि. स्तरिय बक्तृत्वकला प्रतियोगिता गरिने भएको छ ।यो बर्ष हस्त लेखन तालिम, खेल शिक्षकलाई तालिम, प्रअहरुलाई आईटी तालिम, तहगत विषयगत तालिमहरु, पाठ्यक्रम सम्बन्धि अभिमुखिकरण कार्यक्रम गरिने गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताउनुभएको थियो । अध्यक्ष गुरुङका अनुसार यो अबधीमा विद्यालयहरुको पूर्ण रुपमा अनुगमन गरिनेछ । विद्यालय मर्ज, दरबन्दी मिलानका काम हुनेछन ।यस वर्ष बजेट घटेर आउने लक्षण देखिएपनि विद्यालयहरुको समस्यालाई समाधान गर्ने प्रयास गरिने अध्यक्ष गुरुङले बताउनुभएको थियो । शैक्षिक गोष्ठीलाई संवोधन गर्दै अध्यक्ष गुरुङले नियमित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्टाफ बैठकहरुको आयोजना गर्ने, नतिजामा केन्द्रित भएर योजना निर्माण गर्न, प्रभावकारी कार्यान्वयन गर्न सुझाव दिनुभएको थियो । विद्यालयको अध्यक्षले प्र.अ.र अन्य शिक्षकको प्रभावकारी टिमवर्क भए नभएको गहन रुपले अध्ययन गरि बलियो टिमवर्क निर्माण गर्न हरदम प्रयत्न गर्नुपर्ने सुझाव दिनुभएको थियो । बलियो टिमवर्कले मात्रै नतिजा निकाल्न सक्ने उनको भनाई थियो । विद्यालयप्रति अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावक भेलाहरु आयोजना गर्ने, विद्यार्थी मोटिभेसन कार्यक्रम सञ्चालन र प्रभावकारी अतिरिक्त कार्यक्रमहरु आयोजना गर्न अध्यक्ष गुरुङले सुझाव दिनुभएको थियो ।



वर्षः २ | अङ्कः ११ | मितिः २०८० जेष्ठ १० गते, बुधबार
संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## तेस्रो अध्यक्ष कप वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता २०८० सम्पन्न

राष्ट्रिय खेल भलिबलको बिकासका लागि मर्स्याङ्दी गाउँपालिकाको सहयोगमा "तेस्रो अध्यक्ष कप वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता २०८०" को मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा मिति २०८० बैशाख २३ गते सम्पन्न भएको थियो। उक्त प्रतियोगिताको बिजेता वडा नं. ८ ले पुरस्कार स्वरुप रु ७५ हजार र उपबिजेता वडा नं. ६ ले पुरस्कार स्वरुप रु ५० हजार नगद प्राप्त गरेका थिए ।मर्स्याङ्दी गाउँपालिका वडा नं ८ भुलभुलेमा सञ्चालन भएको प्रतियोगितामा वडा नं. २ देखि ९ सम्मका ८ टिम सहभागी भएका थिए । राष्ट्रिय खेल भलिबलको विकास तथा भलिबल खेलका लागि खेलाडी उत्पादन गर्न यस प्रतियोगिताले सहयोग पुग्ने गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताउनुभएको थियो । यसैबिच मर्स्याङ्दी गाउँपालिकाको पालिका स्तरिय भलिबल टिम गठन भएको छ । प्रतियोगितामा उत्कृष्ट खेल प्रर्दशन गर्ने खेलाडी छनौट गरी १५ जनाको पालिकास्तरिय भलिबल टिम गठन गरिएको हो ।







## "कृषि उत्पादन वृद्धि तथा बजारीकरण" बिषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न



मर्स्याङ्दी गाउँपालिकाको सहयोग र मर्स्याङ्दी बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेडको आयोजनामा "कृषि उत्पादन वृद्धि तथा बजारीकरण" सम्बन्धी बिषयक एक दिने अन्तरक्रिया कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा मिति २०८० बैशाख २० गते सम्पन्न सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पालिका अध्यक्ष अर्जुन गुरुङले किसानहरुलाई उत्पादन बढाउन आग्रह गर्नुभएको थियो। मर्स्याङ्दी बहुउदेश्यीय कृषि सहकारीको आयोजनामा भएको उत्पादन बृद्धि तथा बजारीकरण विषयक कार्यक्रममा बोल्दै अध्यक्ष गुरुङले उत्पादन बढाउन किसानलाई सहयोग गर्न गाउँपालिका तयार रहेको बताए ।यतिबेला भारतीय उत्पादनको तरकारी हाम्रो बजारमा आउँदा किसानहरु समस्यामा परेका छन् । त्यसैले हामिले बाहिरबाट आउने तरकारी विस्थापित गर्नेगरी यही उत्पादन बढाउन तर्फ अग्रसर हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।





# विविध

क्रियाकलाप

# मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः ११ | मितिः २०८० जेष्ठ १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## मर्स्याङ्दी गाउँपालिकाका शाखा प्रमुखहरुको नियमित बैठक सम्पन्न



यहि मिति २०८० बैशाख १९ गते गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा शाखा प्रमुखहरुको नियमित बैठक सम्पन्न भएको थियो । उक्त बैठकमा सम्पूर्ण शाखा प्रमुखहरुले आ-आफ्नो शाखाबाट भएगरेका कार्यहरुको प्रगती र अब सम्पन्न गर्न बाँकी योजना तथा कार्यक्रम विवरण पेश गर्नुभएको थियो । बैठकमा सम्बोधनका क्रममा गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले हामी सबै मर्स्याङ्दी गाउँपालिकाको सुशासन, सेवा प्रवाह र समृद्धीको लागि एक हुनुको विकल्प नभएको र विगतमा भएगरेका गल्ती कमजोरीबाट पाठ सिकि सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारी एक भएर गाउँपालिकाको विकासमा अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।



## स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा कार्यक्रमहरुको सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न

मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाबाट दैनिक रुपमा प्रवाह गर्ने सेवाको गुणस्तर जाँच गर्ने र केही कमीकमजोरी भए उक्त कमजोरी सुधार गरी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा चुस्त दुरुस्त बनाउत हेतुले स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिकाको विभिन्न स्वास्थ्य शाखाहरुमा सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।






## विभिन्न समुदाय तथा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न





मर्स्याङ्दी गाउँपालिकाले समुदाय र विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सुरु गरि केहि समुदाय तथा विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम समपन्न गरेको छ । वडा कार्यालयमा रहेको स्वास्थ्य चौकीले महिनामा एकपटक आफ्नो वडामा रहेको हरेक विद्यालयमा समुदाय र विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन गर्ने गरी यो कार्यक्रम सुरु गरिएको हो ।गाउँपालिका अध्यक्ष अर्जुन गुरुङका अनुसार वैशाख ४ गते बसेको कार्यपालिका बैठकले हरेक स्वास्थ्य चौकीले महिनामा १ दिन आफ्नो वडाको हरेक विद्यालयमा र कम्तीमा २ वटा समुदायमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । विद्यालय र समुदायमा गरिने स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सबै विद्यालय र स्वास्थ्यकर्मीलाई रचनात्मक ढंगले लाग्न भनेका छौं। विद्यालय र समुदायस्तरमा यो कार्यक्रम सुरु भइसकेको व्यहोरा पालिका अध्यक्ष श्री अर्जुन गुरुङले व्यक्त गर्नुभएको थियो ।





वर्षः २ | अङ्कः ११ | मितिः २०८० जेष्ठ १० गते, बुधबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## पूर्ण खोप गाउँपालिका सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न

स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप पालिका हाम्रो प्रतिवद्धता भन्ने नाराका साथ गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा पूर्णखोप सुनिश्चितता दिगोपना गाउँपालिका घोषणा कार्यक्रम मिति २०८० बैशाख १९ गते सम्पन्न भएको थियो । गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा आवश्यक प्रक्रिया पुरा गरी सिँगो पालिकालाई पुर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको हो ।कार्यक्रममा बोल्दै अध्यक्ष गुरुङले सबै स्वास्थ्य संस्थामा संघीय संरचना अनुरुपको निर्देशिका अनुसार स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र वडा खोप समन्वय समितिको गठन भै आ—आफ्नो भुमिका र जिम्मेवारी निर्वाह भईरहेको उल्लेख गर्नुभयो । स्वास्थ्य शाखाले दिगोपना र पूर्ण खोप सुनिश्चितताका लागि चैत मसान्त भित्र जन्मिएदेखि १५ महिना र १६ देखि २३ महिनाको पाईरहेका, पाईसकेका र छुटेका बालबालिकाहरुको खोपको घरभेट सर्वेक्षण गरेको थियो । सो अबसरमा वडा नं. ९ मा छुटेका दुई बालबालिकालाई खोप दिइएको थियो । गाउँपालिकामा जन्मेदेखि १५ महिनाका २ सय ४२ र १६ देखि ४९ महिनाका ५ सय ५२ जना बालबालिकाले सबैप्रकारका खोप लगाएको तथ्याङ्क रहेको गाउँपालिका स्वास्थ्य शाखाले जनाएको छ । गाउँपालिकामा १३ वटा स्वास्थ्य संस्थाले २७ वटा खोप केन्द्रबाट हरेक महिना तोकिएको मितिमा नियमित रुपमा खोप सेवा प्रदान गर्दै आएको स्वास्थ्य शाखा प्रमुख लुलबहादुर घलेले बताउनुभयो ।कार्यक्रममा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, प्रमुख प्रशासकीय अधिकृत ताराबहादुर तामाङ, वडाअध्यक्षहरु लगायतको उपस्थिति थियो। कार्यक्रमका सहभागीहरुले पूर्णखोप सुनिश्चता तथा दिगोपना कायमका लागि प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।









### प्रतिवद्धता

यस मर्स्याङ्दी गाउँपालिका भित्रका १६ महिनादेखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकाहरूले राष्ट्रिय खोप तालिका बमोजिम १५ महिनाभित्र पाउनुपर्ने सबै खोपहरू पाइसकेको सुनिश्चित भएको तथा पूर्णखोप दिगोपना कायम रहेको अवस्था भएकोले आज हामी यस मर्स्याङ्दी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गर्दछौं।

साथै आगामी दिनमा कुनै पनि अवस्था र परिस्थितिमा कुनै पनि बालबालिका कुनै पनि खोप लिनबाट बञ्चित हुने छैनन् भनी हामी सम्पूर्ण स्थानीय तहका प्रमुख एवं जनप्रतिनिधीहरू, कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू र सम्पूर्ण स्थानीय नागरिकहरू प्रतिबद्धता व्यक्त गर्दछौं ।



### मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दशौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ



Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal